महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

पौवा दुङ्मा गाउँपालिका

भोजपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

पौवा दुङ्मा गाउँपालिका

भोजपुर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

पाँचौं वार्षिक प्रतिवेदन

२०७९

पौवा दुङ्मा गाउँपालिका

भोजपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पौवादुङमा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
भोजपुर ।

कैफियतसहितको राय

हामीले पौवादुङमा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ६६ लाख ४३ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बेरुजु बाँकी रहेकोमा असुल गर्नुपर्ने रू. १ लाख ६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २ लाख १० हजार, नियमित गर्नुपर्ने रु ४३ लाख ६ हजार र पेश्की रू. १९ लाख ५८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २ करोड ६६ लाख ३४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ३ करोड ६४ लाख ६८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक

पौवादुङमा गाउँपालिका, भोजपुर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
८१	३१	१६६४३	०	०	०	८१	३१	१६६४३	१६९	४३०६	१०२१०	०	०	१४५१६	१९५८

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
		प्रतिक्रिया प्राप्त नभएको	

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पौवादुङमा गाउँपालिका भोजपुर	२६६३४		६८०९	१९८२५		१६६४३	३६४६८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पौवादुङमा गाउँपालिका, भोजपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Nabin Bhattarai	२०७८-१२-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	Bhakti Rai	२०७६-९-२	हाल सम्म कार्यरत
		बेरुजु रकम	१६,६४२,८१५.४१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१,८७,५७,७१६.७९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३०,४३,३२,२२०	**चालु खर्च**	२२,७५,३०,८१२
प्रदेश सरकारबाट अनुदान	२,०४,००,०००	**पूँजीगत खर्च**	१३,७०,७७,६६०
राजश्व बाँडफाँट	५,८५,७२,७७२.३२	**वित्तीय/अन्य व्यवस्था**	१०,१९,६६,८१९.१२
आन्तरिक आय	५०,६१,००१.२		
अन्य आय	९,९५,९९,४३३.१२		
कुल आय	४८,७९,६५,४२६.६४	**कुल खर्च**	४६,६५,७५,२९१.१२
बाँकी मौज्दात		४,०१,४७,८५२.३१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय :** केन्दीकृत शासन पद्धतिलाई विकेन्द्रीकृत गरि जनताको घर दैलो सम्म सेवा तथा सुविधा पुर्याउने उद्देश्यका साथ स्थानिय शासन पद्धतिलाई सुदृढ र सवल रुपमा शासन ब्यवस्था संचालन गरि स्थानिय तहमा नै विधायिकि, कार्याकारिणी तथा न्यायिक अभ्यासलाई मुर्तरुप दिई कार्यान्वयन गर्नको लागि ७५३ वटा स्थानिय तह मध्ये यस पौवादुङमा गाउँपालिका पनि एक रहेको छ । सहकारीता सहअस्तित्व र समन्वयको आधारमा संघ प्रदेश र स्थानिय तह विचको अन्तर सम्बन्धलाई मजबुत तुल्यउनको लागि तथा शासन ब्यावस्था संचालनमा संलग्नता गरि विकास निर्माण कार्यालाई मुर्त रुप दिई अधिकाअधिक जनसहभागिता, उत्तरदायित्व,पारदर्शिता,जबाफदेहिता सुनिश्चित गरि जनअपेक्षा अनूरुप स्थानिय शासन ब्यावस्था संचालन गर्ने यस गाउँपालिको मुल मर्म रहेको छ । गाउँपालिका ९ वटा स्थानिय तह मध्ये भोजपुर जिल्लाको सबैभन्दा सानो स्थानिय तह रहेको छ । जसको कुल क्षेत्रफल ११८.८ वर्गकिलोमिटर तथा जनसंख्या २०७८ को जनगणना अनुसार १२७१० जना जसमा महिला ६३१९ र पुरुष ५८५१ जना तथा ६ वटा वडाहरु रहेका छन ।	
२			लेखापरीक्षणका क्रममा सामाजिक सुरक्षा भत्ता वढी निकासा रू ६२७२६।६ तथा राजश्व दाखिला बाँकी रु.१५४५० गरी जम्मा रू ७८१७६ दाखिला भएको प्रमाण पेश भएको छ ।	
३			**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पौवादुङमा गाउँपालिका,गाउँकार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः	

एकिकृत आय व्यय विवरण

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**मौज्दात रकम**	**खर्च रकम**
१	**गत वर्षको जिम्मेवारी**		१,८७,५७,७१६.७९	१	**चालु खर्च**		२२,७५,३०,८१२
	क) नगद	०		२	**पूँजीगत खर्च**		१३,७०,७७,६६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	ख) बैंक	१,८७,५७,७१६.७९		३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		**६,३६,३३,७७३.५२**		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	५०,६१,००१.२०			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	५,८५,७२,७७२.३२			ग) अन्य भुक्तानी		
	ग) अन्य आय	०		४	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**		**३०,४३,३२,२२०**		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	८,३५,००,०००			शेयर लगानी		
	ख) सशर्त अनुदान	१८,३४,३२,२२०			अन्य लगानी		
	ग) समपूरक अनुदान	१,२५,००,०००		५			
	घ) विशेष अनुदान	२,४९,००,०००		६			
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**२,०४,००,०००**	७			
	क) वित्तिय समानीकरण अनुदान	४५,९४,०००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	५१,०९,०००			क) बैंक मौज्दात	२७१,२४,९८५.३१	
	ग) समपुरक अनुदान	१,००,००,०००			ख) नगद मौज्दात		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	घ) विशेष अनुदान	६,९७,०००		९	**शसर्त अनुदान फिर्ता**		१,५३,९०,२५३
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		**६,६८,४०,११९**	१०	**अन्तर स्थानीय तहबाट व्यय**		
	क)सामाजिक सुरक्षा	५,५९,६१,११९		११	क सामाजिक सुरक्षा व्यय		५,५९,६१,११९
	ख)एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	९६,२३,०००			ख) एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम		९६,२३,०००
	ग) गरिव संग विश्वेश्वर	१२,५६,०००			ग) गरिव संग विश्वेश्वर		१२,५६,०००
६	**अन्य**						
७	**विभिन्न कोषतर्फको आय**		**१,३१,८५,०५८**	१३	**विभिन्नकोष व्यय र मौज्दात**		
	क)कर्मचारी कल्याण कोष	५९,२५,०००			क) कर्मचारी कल्याण कोष व्यय		२७,०४,१७४
					ख) कर्मचारी कल्याण कोष मौज्दात	३२,२०,८२६	
	ख) धरौटी आय	३७,३७,७८०			क) यस आ.व.मा धरौटी फिर्ता		२,५०,४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

					ख) धरौटी मौज्दात	३४,८७,३८०	
	ग) प्रकोप व्यवस्थापन कोष	३५,२२,२७८			क) यस आ.व.मा खर्च		१९,४९,७१८
					ख) बैक मौज्दात	१५,७२,५६०	
८	**कार्यसञ्चालन कोष तर्फ**		**१,९५,७४,२५६.१२**				
	क) विविध कार्यक्रम	५०,४१,४०६.१२			क) यस आ.व.मा खर्च		४६,७७,१२२.१२
					ख) बैक मौज्दात	३,६४,२८४	
	ख) जनसहभागिता (नगद)	३४,१५,१३४			क) यस आ.व.मा खर्च		३४,१५,१३४
					ख) बैक मौज्दात	०	
	ख) मर्मत संभार कोष	२९,३३,८७२			क) यस आ.व.मा खर्च		११,७२,४१३
					ख) बैक मौज्दात	१७,६१,४५९	
	घ) कन्टिन्जेन्सी	२४,५४,३१८			क) यस आ.व.मा खर्च		१२,०१,५३४
					ख) बैक मौज्दात	१२,५२,७८४	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ङ) अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम</td><td>४०,६९,०२६</td><td></td><td></td><td>क) यस आ.व.मा खर्च</td><td></td><td>४०,६९,०२६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ख) बैक मौज्दात</td><td>०</td><td></td></tr>
<tr><td></td><td>च) बालश्रम मुक्त घोषणाकारर्यक्रम</td><td>१६,६०,५००</td><td></td><td></td><td>क) यस आ.व.मा खर्च</td><td></td><td>२,९६,९२६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ख) बैक मौज्दात</td><td>१३,६३,५७४</td><td></td></tr>
<tr><td></td><td>छ) अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५०,६७,२३,१४३.४३</td><td></td><td>जम्मा</td><td>४,०१,४७,८५२.३१</td><td>४६,६५,७५,२९१.१२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।
· पालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ। पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRA मा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रकम SuTRA सफ्टवयेरमा समावेश नभएकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको छ भन्न सकिएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५			**जिम्मेवारी फरक परेको :** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ६२२०६००९।२७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१८७५७७१६.७९ जिम्मेवारी सारेको देखियो । गत वर्षको रू ३१९७२६४७।४८ चेक साट्न बाँकी रकम घटाउँदा रू ३०२३३३६१।७९ रहेकोमा यस वर्ष रू १८७५७७१६।७९ खर्च खातामा जिम्मेवारी सारेको छ भने बाँकी रहेको रकम रू ११४७५६४५ धरौटी, विविध खाता लगायतको बाँकी मौज्दात हिसाब मिलान गर्नुपर्ने देखिन्छ।	
६			**बैंक हिसाब मिलान नगरेको :** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।पालिकाले श्रेस्ता भन्दा आषाढ मसान्तको बैंङ्क मौज्दात बढी देखिएको सम्बन्धमा गाउँपालिका चालु गो भौ नं १६ मा सिस्टममा घटेको तर भुक्तानी निकासाको लागि चेक जारी हुन सिस्टमले नदिएको साथै उक्त भौचर रिभर्स पनि नभएको कारण बैंक मौज्दातमा रू ७४१०८ बढी हुन गएको देखिन्छ । पालिकाले फरक रकमको सम्बन्धमा हिसाव मिलान गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	स्थानीय संचित कोष खाता	२७१२४९८५.३१	२७१९९०९३.३१	७४१०८
२	स्थानीय तह आन्तरिक राजश्व	०	०	
३	स्थानीय तह धरौटी खाता	०	०	
४	स्थानीय तह आन्तरिक अनुदान खाता	३४८७३८०	३४८७३८०	
५	स्थानीय तह चालु खर्च खाता	०	०	
६	स्थानीय तह बाँडफाटबाट प्राप्त राजश्व खाता	०	०	
७	स्थानीय तह पूँजिगत खर्च खाता	०	०	
८	स्थानीय तह विविध कोष खाता	३२२०८२६	३२२०८२६	
९	स्थानीय तह प्रकोप व्यवस्थापन कोष	१५७२५६०	१५७२५६०	
१०	स्थानीय तह विविध खाता	४७४२१०१.५	४७४२१०१.५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन। • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
८			**कारोबारको लेखा :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ अनुसार विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा नगदमा आधारित दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तबमोजिम महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजस्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजस्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	
९			**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
१०			**बजेट पेश, पारित र अख्तियारी :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपप्रमुख श्री ज्योत्सना राईले मिति २०७८।३।१० मा रु.३८ करोड ६० लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च (रु. हजारमा)</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>१३७०७८</td><td>८६३</td><td>४१०८४</td><td>९५१३१</td><td>६५१७०</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>०.६३</td><td>२९.९७</td><td>६९.४०</td><td>४७.५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च :

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट (रु हजारमा)</th><th>खर्च रकम (रु हजारमा)</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२७१००</td><td>१९३३९</td><td>७१.३६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास</td><td>८४४७४</td><td>७९९६३</td><td>९४.६६</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२२५२५१</td><td>२०६५४२</td><td>९१.६६</td></tr>
<tr><td>कार्यालय संचालन तथा प्रशासनिक खर्च</td><td>६६३२०</td><td>५३५०८</td><td>८०.६८</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>९११६</td><td>५२५५</td><td>५७.६५</td></tr>
<tr><td>जम्मा</td><td>४१२२६२</td><td>३६४६०८</td><td></td></tr>
</table>
उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ७१.३६ प्रतिशत, पूर्वाधार विकास तर्फ ९४.६६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ९१.६६ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ ८०.६८ र प्रशासन तर्फ ५७.६५ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ७१.३६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>खर्च बिश्लेषणः

गाउँपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ५०६१००२।२० राजस्व बाँडफाँड र अनुदानबाट रु ४८२९०४४२५।३२ समेत रु ४८७९६५४२७।५२ आम्दानी भएकोमा चालु तर्फ रु. २२७५३०८१२ र पूँजिगत तर्फ रु १३७०७७६६० समेत रु ३६४६०८४७२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ५३०४२०१ खर्च भएको छ जुन आन्तरिक आयको ४.८ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.४० प्रतिशत चालु र ३७.६० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।	
१४			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
१५			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भई ४२ जना रिक्त रहेको देखिन्छ। रिक्त रहेको दरवन्दी यथासिघ्र पदपूर्ति गरी काममा सहजता ल्याउनु पर्दछ।	
१६			**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा रकम कल्याण कोष स्थापना गरी रू ३२२०८२६ कोषमा जम्मा गरेको छ।	
१७			**गुणस्तर परीक्षण :** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सावर्जानिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यावस्था छ । स्थानीय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तहले निर्माण व्यावसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण प्रभावकारी रुपमा गर्नुपर्ने देखिन्छ।	
१८			**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष १ विवाद दर्ता भएकोमा १ वटा फछर्यौट भई बाँकी रहेको देखिएन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
१९			**सेवा प्रवाह :** पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युट मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	१
पञ्जिकरणतर्फ	
जन्मदर्ता	५४९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>मृत्युदर्ता</td><td>१६७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१४४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२१०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>६</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१४ कि मी</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>१० कि मी</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>अनुदान फिर्ताः

संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको विवरण र सुत्रको वित्तीय प्रतिवेदनको अनुसूची अनुसार देहाय बमोजिम शसर्त तर्फको रकम प्रदेश र संघीय सञ्चित कोषमा मिति २०७९।३।३० मा फिर्ता पठाएको छ ।<table>
<tr><td>अनुदान प्रदान गर्ने निकाय</td><td>अनुदानको प्रकार</td><td>प्राप्त रकम</td><td>खर्च रकम</td><td>फिर्ता रकम</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>१८,३४,३२,२२०</td><td>१७,०८,५१,९३४</td><td>१,२५,८०,२८६</td></tr>
<tr><td></td><td>विषेश</td><td>२,४९,००,०००</td><td>२,२७,१६,९८८</td><td>२१,८३,०१२</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१,२५,००,०००</td><td>१,२५,००,०००</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>५१,०९,०००</td><td>४६,२८,७८५</td><td>४,८०,२१५</td></tr>
<tr><td></td><td>विशेष</td><td>६,९७,०००</td><td>५,५०,२६०</td><td>१,४६,७४०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१,००,००,०००</td><td>१,००,००,०००</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२३,६६,३८,२२०</td><td>२२,१२,४७,९६७</td><td>१,५३,९०,२५३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत विगत वर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकाका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन। पालिकाले अनुदान प्रदान सम्बन्धी कानून बनाई अनुगमनलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**पदाधिकारी सुविधा**	
२४			**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार १ नम्बर प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. ५३०४२०१ खर्च लेखेको देखिन्छ ।	
२५			**गाउँपालिका पूँजिगत तर्फः**	
२६			**उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिंदैन । पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न गराएको समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने/ गराउने गरी सुधार हुनुपर्दछ ।	
२७			**सम्झौताको कार्यान्वयन :**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा योजनाको सम्झौतामा देहाय बमोजिमको व्यवस्था गरेकोमा सम्झौतामा उल्लेखित अधिकांश शर्तहरुको पालना गरेको देखिँदैन । पालिकाले सम्झौतामा उल्लेखित शर्तहरु पुर्णरुपमा पालना भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्दछ। • नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेमा राखेको छैन, • उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनुपर्ने र त्यसको लेखापरीक्षण पनि गराउनुपर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले लेखापरीक्षण गराएको छैन, • मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।- भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन, • आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेमा सोको अनुगमन भएको छैन, उल्लेखित शर्तहरुको परिपालना नभएबाट कामको लागत, गुणस्तर एवं प्रतिफलको सम्बन्धमा आश्वस्त हुन नसकिएकोले दुबै पक्षले शर्तहरुको पालना गर्नुपर्दछ ।	
२८			**जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।	
२९			**गुणस्तर परीक्षणः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको सबै निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र उपभोक्ता मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।	
३०			**हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । डोजर/एक्साभेटर प्रयोग गरेका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	हेभी उपकरणमा भएको खर्च
६४।२०७८।१०।२५	मानेडाँडा देखी कटुवाल टोल हुँदै वहुला खोला जोड्ने सडक निर्माण उ स	सडक निर्माण	७०००००	७७४८९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>१०७।२०७८।१२।२</td><td>लाकुरेदेखि खोलाखर्क सडक निर्माण उ. स</td><td>सडक निर्माण</td><td>४०००००</td><td>४४१९९०</td></tr><tr><td>११३।२०७८।१२।०४</td><td>खड्का डाँडा छिदुवा हुँदै लेडे वगर सडक निर्माण उ. स.</td><td>सडक स्तरोन्नती</td><td>३८४०००</td><td>४३६८८१</td></tr><tr><td>१५२।२०७८।१२।२९</td><td>मानेडाँडा सोलाखाम मा वि जोड्ने सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>२४०००००</td><td>२६६२७१६</td></tr><tr><td>३७०।२०७९।१।१२</td><td>वझौले तिनतले हुँदै खोक्ला सडक मर्मत उ स</td><td>सडक मर्मत तथा स्तरोन्नती</td><td>३९५०००</td><td>४३९५०७</td></tr><tr><td>१८५।२०७९।२।२०</td><td>सोसेटार हंग्रायो खोला सडक निर्माण उ. स.</td><td>सडक निर्माण</td><td>७५९१५१</td><td>७७६६४४</td></tr><tr><td>३५/०७८-९-२६</td><td>पञ्च कन्या कृषि सडक वास्तिम</td><td>सडक निर्माण मा डोजर प्रयोग</td><td>७०००००</td><td>७७४८०५</td></tr><tr><td>३८/०७८-९-२६</td><td>कोलबोटे सडक निर्माण</td><td>"</td><td>२०००००</td><td>२२१८१०</td></tr><tr><td>३९/०७८-९-२६</td><td>अखौंले कृषि सडक</td><td>"</td><td>३०००००</td><td>३३५५२७</td></tr><tr><td>४१/०७८-९-२७</td><td>ठोट्ने चियाचोङ्ग सडक निर्माण</td><td>"</td><td>३०००००</td><td>२७३७३२</td></tr></table>नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
३१			**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले आफ्नो प्रशासनिक भवनको कम्पाउण्ड भित्र स्वास्थ्य शाखाको तालिम हल बनाउनको लागि रू २८३२५९५।८४ लागत अनुमान तयार गरी पालिकाबाट रू २४५९१८५।८१ व्यहोर्ने गरी स्वास्थ्य शाखा निर्माण उपभोक्ता समिति गठन गरेको	१४,९०५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पाइयो । सार्वजनिक खरिद नियमावली २०६३ मा रू २० लाख भन्दा माथिको निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा पालिकाकै कम्पाउण्ड भित्र उपभोक्ता समिति गठन गरी भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदनमा रू २११२००० उल्लेख भएकोमा भुक्तानी गर्दा रू २१२६९०५ भुक्तानी भएकोले बढी भुक्तानी भएको रू १४९०५ असुल गर्नुपर्ने रू	
३२			**पाइप खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा वढी हुने सम्पत्ति तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने व्यवस्था छ । पालिकाले सानोदुम्मा ठुलोदुम्मा खानेपानी परियोजनाको ठेक्कावाट घटी कवोल भै वचत भएको रकमवाट सोही परियोजनाको लागि अर्को ठेक्का सम्झौता गरी श्री सिद्धकाली इन्टरप्राइजेजबाट पाइप खरिद गरी गो भौ नं ३२।२०७९।१।९ वाट रु.३००८९८२।०८ भुक्तानी दिएको देखियो । खरिद गरिएका सामग्री २०७८।१२।२१ मा जिन्सी दाखिला भै असार मसान्तसम्म पनि स्टोरमा मौज्दात देखियो । सोही परियोजनाको लागि कालिका देवीथान जे. भी. सँग भएको ठेक्का सम्झौताको दोस्रो रनिङ्ग विल सम्म भुक्तानी भएकोमा सम्झौता अनुसारको पाइप जडान तथा फिटिङ्ग्स सम्वन्धि सम्पूर्ण कार्य वाँकी रहेको देखिन्छ । यसरी एकै परियोजनामा ठेक्का सम्झौता अनुसारको कार्य वाँकी रहेको अवस्थामा सोही परियोजनामा थप गर्नुपर्ने कार्यको विस्तृत विवरण वेगर पाइप खरिद गरी स्टोर मौज्दात राखेको देखिएकोले मौज्दात सामग्री प्रयोगको प्रमाण पेश हुनुपर्ने देखिएको रु.	३,००८,९८२.०८
३३			**जनश्रमदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । लागत अनुमान रु.४४२२८३।०० रहेको खड्काडाँडा छिदुवा हुँदै लेडे वगर सडक स्तरोन्नती कार्यको लागि गाउँपालिकावाट रु.४०००००।०० मा कन्टिन्जेन्सी कट्टा गरी रु.३८४०००।०० तथा वाँकी उपभोक्ता समितिले व्यहोर्ने गरी खड्काडाँडा छिदुवा हुँदै लेडे वगर सडक स्तरोन्नती उपभोक्ता समितिसँग सम्झौता भएकोमा रु.४३६८८१.०० को मात्र कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइयो । सम्झौता अनुसारको कार्य नभई कम मात्र कार्य भएको अवस्थामा पालिकाले	४,७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यहोर्ने रकमको समेत अनुपातिक रुपमा कट्टा गरी रु.३७९३००।०० भुक्तानी दिनुपर्नेमा गो भौ नं ११३।२०७८।१२।४ वाट रु.३८४०००।०० भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रु.४७००।०० संवन्धित उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु.	
३४			**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आबधिक, बार्षिक, रणनीति बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन बिकास योजना बनाई लागू गर्नुपर्ने र योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः	

क. सं.	विवरण	योजना संख्या	बजेट रकम (रू हजारमा)
१	रु १ लाख भन्दा कमको योजना	७५	४९८९
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१२३	३५१४५
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	१५	१०७००
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	२०	९९४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा | २३३ | १५०२३४	
३५			**मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।	
३६			**निर्माण स्थल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक हो एकिन गर्ने गरेको देखिएन । पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ ।	
३७			**वढी भुक्तानीः** स्वीकृत लागत अनुमान मूल्य अभिवृद्धि कर समेत रु.२३५०२९४५।२३ रहेको सानो दुम्मा ठुलो दुम्मा खानेपानी परियोजना २०७८ जेठ २५ सम्ममा कार्य सम्पन्न गर्ने गरी रु.१७८२७७०५।५२ मा कालिका देवीथान जे. भी .संग ठेक्का सम्झौता भएको	३५,६९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखियो । ठेकेदारले पेश गरेको विल अनुसार गो भै नं ३४।२०७९।१।२२ वाट प्रथम रनिङ्ग विलको रकम रु.३६८८३१३।०० भुक्तानी भएकोमा उक्त विलवाट आइटम नं २.१ को **MS bars for Reinforcement** कार्यको ४१३०.५६ परिमाणको भुक्तानी भएकोमा गो भौ नं ६२।२०७९।३।१५ वाट दोस्रो रनिङ्ग विल वापतको रकम भुक्तानी हुँदा उक्त आइटमको प्रथम रनिङ्ग विलवाट ३८४३.४६ परिमाणको मात्र भुक्तानी भएको देखाई खुद भएको कार्य परिमाण ४४२२ वाट प्रथम रनिङ्ग विलको ४१३०.५६ घटाई २९१.४४ परिमाणको मात्र भुक्तानी दिनुपर्नेमा ५७८.६० परिमाणको भुक्तानी दिएको देखियो । यसरी भुक्तानी दिँदा अघिल्लो विलवाट भुक्तानी भैसकेको २८७.१६ परिमाणको रु.११० को दरले रु.३१५८७.६०९ को मूल्य अभिवृद्धि कर समेतले हुने रु.३५६९४।०० वढी भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम संवन्धित ठेकेदारवाट असूल हुनुपर्ने रु.	
३८			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०९ मा बोलपत्रको माध्यमबाट खरिद सम्झौता गर्न सकिने व्यवस्था रहेको छ। तिवारी भन्ज्याङ्ग मानेडाँडा सानोदुम्मा अधेरीघाट (पन्चकन्या कृषि सडक स्तरोन्नती) लागत अनुमान रू ३९२७१७१५।५३ बनाई सो कार्यका लागि सबैभन्दा कम दररेट पेश गर्ने पवित्रा राउत जे भी सँग लागत अनुमान भन्दा ३७.५० प्रतिशत कम रू २४५४२५८९।९९ मा मिति २०७८।८।१ मा सम्झौता भई मिति २०७९।२।१५ मा कार्य सम्पन्न गर्ने भएकोमा सम्झौताको जि सि सि ७१.२ मा काम सकेपछि एज विल्ड नक्सा बनाउनु पर्ने सो को लागि रू १००००० with hold गरी भुक्तानी दिनुपर्नेमा As Built Drawing पेश नगरिकन भुक्तानी दिएकोले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू	१००,०००
३९			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न वा नयाँ कार्यक्रम संचालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले तिवारी भन्ज्याङ्ग मानेडाँडा सानोदुम्मा अधेरीघाट सडक स्तरोन्नतीका लागि रू ३९२७१७१५।५३ लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा लागत अनुमान भन्दा ३७.५ प्रतिशत कम दरमा कार्य गराइसकेपछि बाँकी रहेको काम पुनः ठेक्का लगाई रू ११७९७२३५।२५ सोही कामका लागि चेनेज नखुलाई राउत कन्स्ट्रक्सनसँग मिति २०७८।९।२७ मा सम्झौता गरी निजलाई रू ११६७०६६९।७५ भुक्तानी गरेकोमा कार्यक्रम संशोधन नगरिकन भुक्तानी दिएको कार्यक्रम संशोधन गरी खर्च गरिनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०९ मा बोलपत्रको माध्यमबाट खरिद सम्झौता गर्न सकिने व्यवस्था रहेको छ। पालिकाको मानेडाँडा स्वास्थ्य चौकी ५ वेडको निर्माणका लागि कौशल वस्नेत।सारा सृष्टि।मकालु जे भी सँग २०७७।३।२५ मा मिति २०८१।१।३१ मा कार्य सम्पन्न गर्नेगरी मु अ कर सहित रू ४८११४८८३।८२ सम्झौता भई २ वटा रनिङ्ग बिलबाट रू १२२४०४५५ भुक्तानी भएकोमा दोश्रो रनिङ्ग बिल भुक्तानी हुँदा आइटम नं २.७ मा वि ओ क्यूमा Providing, Laying, Compacting and curing plain cement concreate m15 को total quantity १७.०१ रहेकोमा त्यसको दर १४००० रहेको अवस्थामा ६२.२८ घनमिटर काम भएको भनि वि ओ क्यूमा पेश गरेको परिणाम भन्दा ४५.२७ घनमीटर कामको रू ७१६१७१।४० भेरिएशन आदेश जारी गरी भुक्तानी भएकोमा सार्वजनिक खरिद नियमावलीको नियम ११८(२) को (ख) अनुसार भेरिएसन जारी गर्दा परिणामको पर्याप्त प्राविधिक पुष्ट्याई र कारण पेश हुन सकेन ।	
४१			**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०९ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। तिवारी भन्ज्याङ्ग मानेडाँडा सानोदुम्मा अधेरीघाटको पवित्रा राउत जे भी लाई प्रथम रनिङ बिल भुक्तानी हुँदा रू ६१८७९१४।६९ हुनुपर्नेमा रू ६१९२७१६।०२ भुक्तानी भएकोले बिल भन्दा बढी भुक्तानी भएको रू ४८०१।३३ असुल हुनुपर्ने रू	४,८०१.३३
४२	१५७	२०७९-३-२५	**नपुग कर :** आयकर ऐन २०५८ को दफा ८८ मा पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत का दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले लघु उद्यमीको स्तरोन्नती कार्यक्रम अन्तर्गत सीप विकास तालिम संचालन गर्दा प्रशिक्षक वापत भुक्तानी भएको रू २०६५३० को १.५ प्रतिशतका दरले कर कट्टा गरी दाखिला गरेकोमा नपुग कर रू २७८८२ असुल गर्नुपर्ने रू	२७,८८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३	१५७	२०७९-३-२५	**भरपाई पेश नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सीप विकास तालिम संचालन गर्दा भुक्तानी भएकोमा रू ३४०० रकम बुझेको भरपाई पेश नभएको रू	३,४००
४४			**सार्वजनिक जग्गा तथा सम्पतिको संरक्षणः** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखी त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन। कानुन बमोजिम सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनु पर्दछ।	
४५			**जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू—जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । त्यस्तै स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुका लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन :

शिक्षा तथा मानव बिकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा नमुना बिद्यालयको लागि भौतिक निर्माण अनुदान दिदा बिद्यालयसंग सम्झौता भए पछि प्रथम किस्ता वापत ३० प्रतिशत, दोस्रो किस्ताको रुपमा कुल अनुदानको ५० प्रतिशत र कार्य सम्पन्न गरेपश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रकम भुक्तानी गर्ने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसारका विद्यालयहरुलाई निर्माण कार्यको लागि पहिलो र दोस्रो किस्ताको रकम पठाई सकेको अवस्थामा निर्माण कार्य सम्पन्न नै नभएको अवस्थामा आर्थिक वर्षको अन्त्यमा तेस्रो किस्ताको रकम अनुदान दिएको छ । विद्यालयले सम्झौता बमोजिम भवन निर्माण कार्य सम्पन्न गरी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनको साथै पालिकाबाट स्थलगत अनुगमन गरी अनुदान दिएको रकम बमोजिमको भवन निर्माण कार्यको सम्पन्न गरेको प्राविधक पुष्ट्याई सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>महादेव मा वि</td><td>२ कोठे</td><td>१८00000</td></tr>
<tr><td>सुर्योदय मा वि</td><td>४ कोठे</td><td>३६00000</td></tr>
<tr><td>महादेव मा वि</td><td></td><td>६00000</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६000000</td></tr>
</table></td><td>६,000,000</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास प्रथम किस्ता भुक्तानी :

पालिकालाई सुरक्षित नागरिक आवासका लागि संघिय सरकारबाट रु ५१00000 अनुदान प्राप्त भएको देखिन्छ । सुरक्षित नागरिक आवास संचालन कार्यविध,२०७५ को परिच्छेद -३ दफा (५)अनुदान सम्झौता र वित्तिय प्रबन्ध साथै उक्त कार्याविधिकै दफा ६ र७ मा भए बमोजिक उपुक्त ढंगबाट कार्यक्रम संचालन गरिनु पर्दछ । पालिका यस आर्थिक बर्षमा २२३ वटा लाभग्राहीहरु आबद्ध रहेकोमा प्रथम किस्ता वापत प्राति घर रु३0000 को दरले ९४ जना लाभग्राहीहरुलाई रु २८३0000। रकम भुक्तानी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेको देखिन्छ । त्यसै गरि पालिकाले दोस्रो किस्ता वापत रु १७६३११६ रुपैया भुक्तानी गरेको देखिन्छ । पालिकाले सुरक्षित नागरिक आवसको निमित्त सुरक्षित नगारिक आवस संचालन कार्यविधि २०७५ बमोजिम कार्यगर्नु पर्ने तथा उपयुक्त तवरले अनुगमन लाई प्रभावकारी बनाई नागरिकका के कति आवासहरु पुर्ण रुपमा बने तथा कति बाँकी रहेका छन प्रतिबेदन पेश गर्न आवश्यक देखिन्छ साथै शुक्ष्म ढंगले अनुगमन गर्नु पर्ने र योजनालाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पालिकाको ध्यान जान जरुरी देखिन्छ ।	
४८			**अपांगता रोकथाम तथा पुनःस्र्थापना कार्यक्रम**	
४९			**थप कर्मचारीः** अपांगता रोकथाम तथा पुनःस्र्थापना कार्यक्रम (संचालन) निर्देशिका २०७६ को वुँदा नं १३ मा सहजकर्ताको छनौट अन्तर्गत सामान्यतया तराई क्षेत्रमा ३०० जनासम्म अपांगत भएका व्यक्तिहरुका लागि एक जना पहाडी क्षेत्रमा १५० जनासम्म अपांगता भएका व्यक्तिहरुका लागि १ जना र हिमाली क्षेत्रमा १०० जनासम्म अपांगता भएका व्यक्तिका लागि १ जनाका दरले सहजकर्ता छनौट हुनेछन\ भन्ने उल्लेख छ । प्रदेश सरकार, पालिका र करुणा फाउण्डेशनको त्रिपक्षीय सहकार्यमा संचालित यस कार्यक्रम अन्तर्गत सवै प्रकारका अपांगता भएका गरी कुल ३६५ जना अपांगत भएका व्यक्तिहरु भएको यस पालिकामा निर्देशिकाले तोके बमोजिम तीन जनामात्र सहजकर्ता राख्न पाउनेमा पालिकाले ४ जना सहजकर्ता राखी तलव भत्ता भुक्तानी गर्दा चाडपर्व खर्च तथा पोशाक भत्ता समेत रु.३५५९३०।०० वढी खर्च लेखेको देखियो । भौगोलिक विकटताका आधारमा सहजकर्ता थप गर्न सक्ने व्यवस्था भएता पनि थप सहजकर्ता राख्नुको स्पष्ट आधार र कारण वेगर कार्यविधिमा भएको व्यवस्था विपरित थप सहजकर्ता राखी तलव भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.	३५५,९३०
५०			**गाउँपालिका चालुतर्फ (राजस्व बाँडफाँड तथा आन्तरिक श्रोत)**	
५१			**तलबी प्रतिबेदनः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ । पालिकाले तलवी प्रतिवेदन पारितको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएकोमा पारित नभई फिर्ता भएकोमा कानुन अनुसार पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
५२			**कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २२ जना कर्मचारीहरु करारमा राखी रु. ११००८०८० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२७२७५३० भुक्तानी गरेको अनियमित देखएको रु.	२,७२७,५३०
५३			**आर्थिक सहायता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रू.२०००००।०० आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**नाफामूलक संस्थालाई अनुदान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका चार नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन लगायतको खर्चमा लागि रु.१९३२००० अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चिता देखिएन । यस्तो वितरणमूखी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	

सि.नं.	अनुदान पाउने संस्थाको नाम	अनुदान रकम
१.	नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.	२०००००
२.	नमुना कृषि गाउँ कृषि सहकारी	१०००००
३.	जनमुखी वचत तथा ऋण सहकारी संस्था लि.	१०००००
४.	जन्मभूमी वचत तथा ऋण सहकारी संस्था लि.	१०००००
५.	सिर्जनशिल कृषि तथा पशु फर्म	८२०००
६.	रिमझिम डाँडा कृषि फर्म	१०००००
७.	त्रिवेणी कृषि सहकारी संस्था लिमिटेड	५००००
८.	कोलगैरा कृषी तथा पशुपालन फर्म	१५००००
९.	खुशि कृषि तथा पशुपालन फर्म	१५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०.</td><td>पौवागढी कृषि तथा पशुपंक्षी फर्म</td><td>१५००००</td></tr>
<tr><td>११.</td><td>नागे बाक्टेन कृषि फर्म पौवादुङमा</td><td>१५००००</td></tr>
<tr><td>१२.</td><td>सुबेदी पोल्ट्री फर्म</td><td>३०००००</td></tr>
<tr><td>१३.</td><td>महिला परिवर्तन कृषि जडिबुटी तथा पशुपालन फर्म</td><td>३०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९३२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>
फरक खर्च शिर्षकः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीमा भएको व्यवस्था विपरित निम्नानुसारका खर्च शिर्षकहरुमा फरक खर्च शिर्षकवाट वजेट खर्च लेखेको नियमसम्मत नदेखिएको रु...
<table>
<tr><td>व. उ. शि. नं</td><td>गो भौ नं मिति</td><td>खर्च लेख्नुपर्ने शिर्षक</td><td>खर्च लेखेको शिर्षक</td><td>खर्च रकम</td></tr>
<tr><td>गाउँपालिका चालु</td><td>१३४।२०७८।१२।०४</td><td>विविध खर्च</td><td>पदाधिकारी पारिश्रमिक</td><td>७०९४६</td></tr>
<tr><td>गाउँपालिका चालु</td><td>१३४।२०७८।१२।०४</td><td>पदाधिकारी इन्धन</td><td>पदाधिकारी पारिश्रमिक</td><td>४४०८७</td></tr>
<tr><td>अपांगता रोकथाम</td><td>२८।२०७९।२।१७</td><td>वीउपूँजी सहयोग</td><td>सिपमूलक र व्यवसायिक तालिम</td><td>२०००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३१५०३३</td></tr>
</table>
</td><td>३१५,०३३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**करार कर्मचारीलाई भत्ताः** करार सम्झौताद्धारा नियुक्त गरिएका कर्मचारीको सेवा सुविधा सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्रमा कम्तीमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा निजामती कर्मचारीसरह एक महिनाको आधारभूत पारिश्रमिक वरावरको चाडपर्व खर्च र सालवसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने व्यवस्था छ भने स्थानीय भत्ता दिने व्यवस्था छैन । त्यसैगरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को ७५ प्रतिशत आर्थिक सहयोगमा संचालित कार्यक्रम अन्तर्गत नियुक्त हुने सुचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधा संवन्धमा प्रेसित पत्रमा समेत सुचना प्रविधि अधिकृतलाई स्थानीय भत्ता उपलब्ध गराउने उल्लेख छैन । तर पालिकाले उक्त व्यवस्था विपरित सूचना प्रविधि अधिकृत मुकेश राईलाई विविध खर्च शिर्षकको गो भौ नं १२।२०७९।१।१४ वाट स्थानीय भत्ता वापत मासिक रु.३७५०।०० को दरले १ वर्षको एकमुष्ट रु.४५०००.०० भुक्तानी गरेको देखियो । यसरी दिन मिल्ने भनेर नतोकीएको स्थानीय भत्ता वापत भुक्तानी भएको रकम संवन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु.	४५,०००
५७			**नर्म्स भन्दा वढी भुक्तानीः** प्रदेश नं १ प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि, २०७५ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला एवं वैठक भत्ता संवन्धी व्यवस्था गरिएको छ । कार्यविधि वमोजिम तालिम केन्द्र वाहेक अन्य निकायवाट संचालित सवै प्रकारका तालिममा संवन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्तिले कक्षा लिएको खण्डमा केवल कार्यपत्र वापत मात्र अधिकृतस्तर तालिमको हकमा रु.१०००। का दरले र सहायक स्तरको तालिममा रु.८००।०० का दरले खर्च गर्नुपर्ने व्यवस्था छ । मिति २०७८।८।४ देखि ९ गतेसम्म ६ दिन ६ वटा वडामा संचालन भएको उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रमको लागि लिएको पेश्की अधिकृत छैटौं अङलाक्पा लामाले गो भौ नं ४६।२०७८।८।१३ वाट फछ्र्यौट तथा सोधभर्ना लिएको देखियो । कार्यविधिमा भएको व्यवस्था अनुसार तालिम कार्यक्रममा पालिकाकै कर्मचारी प्रशिक्षकको रुपमा रहेको अवस्थामा कार्यपत्र वापत ६ दिनको तालिमको २४ कार्यपत्रको प्रति कार्यपत्रको रु.१००० को दरले रु.२४०००।०० खर्च लेख्न पाउनेमा	२०,४००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यपत्र तथा कक्षा दुवैको गरी रु.४८०००।०० खर्च लेखेको देखियो । यसरी कार्यविधिमा भएको व्यस्था विपरित वढी दरले खर्च लेख्दा वढी भुक्तानी भएको रु.२४०००।०० को कर कट्टी पछिको हुने रु.२०४००।०० संवन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>नर्म्स वेगरको खर्चः

प्रदेश नं १ प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि, २०७५ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला लगायतका कार्यक्रममा कार्यक्रम संयोजकलाई संयोजक भत्ता वापत निश्चित रकम उपलब्ध हुने उल्लेख छ । तर पालिकावाट संचालित निम्नानुसारका कार्यक्रमहरुमा संयोजक भत्ताको अतिरिक्त व्यवस्थापक भत्ता भनी कार्यविधि वेगरको भत्ता भुक्तानी लिएको देखियो । यसरी कार्यविधिमा व्यवस्था नभएको व्यवस्थापक शिर्षकका खर्च लेखेको निम्नानुसारको रकम संवन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>गो भौ नं मिति</th><th>पेश्की सोधभर्ना लिने संस्था/कर्मचारीको नाम</th><th>तालिम कार्यक्रम</th><th>वढी खर्च लेखेको रकम</th><th>कर कट्टी पछिको रकम</th></tr>
<tr><td>२</td><td>१६९।२०७९।१।४</td><td>सामुदायिक विकास तथा परिपर्तन केन्द्र नेपाल</td><td>सावुन वनाउने तालिम</td><td>७०००</td><td>५९५०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५९५०</td></tr>
</table></td><td>५,९५०</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>वढी खर्चः

तालिम सञ्चालन गर्ने व्यक्तिले स्वीकृत लागत इष्टिमेट एवं नर्म्सभन्दा बढी खर्च गर्न मिल्ने देखिँदैन । अचार वनाउने तालिम संचालन वापत सहायक महिला विकास निरीक्षक प्राथना गुरुङलाई गो भौ नं १०६।२०७८।११।२ वाट सोधभर्ना भुक्तानी भएको देखियो । तालिमको स्वीकृत कार्यक्रममा प्रशिक्षक भत्ता वापत २ जना वाह्य प्रशिक्षकलाई दैनिक रु.२५००।०० को दरले ७ दिनको तालिमको लागि रु.३५०००।०० स्वीकृत भएको देखियो । तर खर्च लेख्दा प्रशिक्षक भत्ता वापत २ जना</td><td>४८,३००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रशिक्षकलाई दैनिक रु.३४५०।०० को दरले ७ दिनको रु.४८३००।०० खर्च लेखेको देखियो । यसरी स्वीकृत कार्यक्रमभन्दा वढी खर्च लेखेको अनियमित देखिएको रु.	
६०			**खाजा खाना खर्च :** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र वाहिर बास वस्नु परेमा रु.१६००/- का दरले दैनिक भ्रमण भत्ता सुविधा तोकिएको छ । पालिका अध्यक्ष श्री किरण राई पालिकाको काम विशेषले विराटनगर, काठमाण्डौ लगायतका ठाउँमा गएवापत विभिन्न होटल विल विजक राखी खाजा, खाना तथा होटल बास वापत निजलाई रु.४१३३२४।०० भुक्तानी दिएको देखियो । ऐनमा तोकिएको व्यवस्था अनुसार दैनिक भ्रमणवापत हुने रकम भुक्तानी गर्नुपर्नेमा सम्बन्धित होटल तथा विल भरपाई पेश गरी भुक्तानी दिएकोले नियमसंम्मत नदेखिएको रु.	४१३,३२४

भौ नं मिति	विवरण	रकम
२७।२०७८।७।१४	खाजा, खाना तथा होटल बास खर्च	६७३९४
२८।२०७८।७।१४	खाजा, खाना तथा होटल बास खर्च	९१६७१
९६।२०७८।१०।२	खाजा, खाना तथा होटल बास खर्च	१५९०५९
१७९।२०७९।१।९	खाजा, खाना तथा होटल बास खर्च	४३४४२
२५२।२०७९।३।२२	खाजा, खाना तथा होटल बास खर्च	५१७५८
जम्मा		४१३३२४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**खाना तथा विविध खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२००००००।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
६२	१०८	२०७८-११-२	**पारिश्रमिक कर :** आयकर ऐन २०५८ को दफा ८८ मा पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत का दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। महिला विकास कार्यक्रम अन्तर्गत ७ दिने सावुन बनाउने तालिम संचालन वापत वडा नं ४ को महिला सिप विकास कार्यक्रम उपभोक्ता समितिलाई रू १६०००० भुक्तानी दिएकोमा प्रशिक्षक भत्तावापत अरुणादेवी राईले रू ४५००० बुझेकोमा पारिश्रमिक करवापत रू ६७५० कट्टा नगरेकोले कट्टा गर्न छुट पारिश्रमिक करवापतको रू ६७५० सम्बन्धितबाट असुल गर्नुपर्ने रू	६,७५०
६३			**प्रदेश शर्सत चालु**	
६४	१०	२०७९-३-२५	**बिल भरपाई :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलीको दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण संलग्न हुनुपर्ने व्यबस्था रहेको छ ।पालिकाले सूर्योदय माध्यमिक बिधालयलाई बालविवाह न्यूनीकरण गर्ने उदेश्यले किशोरी सशक्तिकरण कार्यक्रम अन्तर्गत सचेतना,गोष्ठी,बाल दिवस तथा बालिका दिवस कार्यक्रम तथा गतिबिधि सञ्चालनका सम्बन्धमा आवश्यक पर्ने खर्चका लागि समूहको बैठकको निर्णय बमोजिम बिधालयले बजेट रकमको उपयोग गर्नुपर्ने भनि भुक्तानि गरेकोमा उक्त बिधालयको बैठकको निर्णय पेश नभएको रु.	५५,०००
६५			**कर्मचारीलाई अनुगमन खर्च :**	४४,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भ्रमण खर्च नियमाबली २०६४ को नियम ७ को उपनियम ३ अनुसार कूनै कर्मचारीलाई कार्यालयको काममा खटाउदा एक दिनमै फर्केर आउने स्थान भए भ्रमण (अनुगमन) भत्ताको २५% मात्र रकम भुक्तानी पाउने ब्यबस्था रहेको छ । तर पालिकाले भ्रमण आदेश पेश नगरी कर्मचारीहरुलाई कार्यक्रमको अनुगमन गरेको भनि भौचर नं. २३/०७९-३-२५ बाट १६ जना कर्मचारीहरुलाई रु. ४४००० भुक्तानी दिएको छ । कार्यक्रमको अनुगमन बापत खर्च लिएको देखिएकोले सो भुक्तानी गर्न मिल्ने आधार पेश गर्नुपर्ने रु.	
६६			**स्वास्थ्य तर्फः**	
६७			**सवयं सेविका प्रोत्साहन कार्यक्रम :** पालिकाले महिला स्वास्थ्य सवयं सेविकाहरुलाई प्रति ब्यक्ति प्रति महिना रु.१५०० का दरले जम्मा ५४ जना सवयं सेविकाहरुलाई रु.९७२००० भुक्तानी भएको छ । पालिकाले यस सम्बन्धमा कार्यबिधि तथा मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्दछ ।	
६८			**औषधि खरिद :** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने ब्यबस्था छ । पालिकाले उक्त प्रक्रिया बेगर टुक्रा टुक्रा पारेर रु.५९३१६६ को औषधि सोझै खरिद गरेको पाईयो ।	
६९			**शिक्षा तर्फ**	
७०			**शिक्षक दरवन्दी र पदपूर्ति :**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">विद्यालय संख्या</th><th colspan="4">शिक्षक दरबन्दी</th><th colspan="4">पदपुर्ती</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><td>स्थायी</td><td>राहत</td><td>करार</td><td>नीजि स्रोत</td><td>स्थायी</td><td>राहत</td><td>करार</td><td>नीजि स्रोत</td></tr>
<tr><td>३३</td><td>७५</td><td>३६</td><td>५५</td><td>०</td><td>७५</td><td>३६</td><td>५७</td><td>०</td><td>३२३४</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>दिवा खाजा :

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ वार्षिक कार्यक्रम अनुसार विद्यालयका ०—५ कक्षा सम्मका बालबालिकाहरुको लागी प्रतिदिन प्रति विद्यार्थी रु. १५ का दरले दिवा खाजा विद्यालयमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. १९३६५४५ रकम विद्यालयहरुलाई दिवा खाजा अनुदान दिएकोमा दिवा खाजा उपलब्ध गराईएका विद्यालयको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन गरेको छैन । पालिकाले ई.आई.एम.एस मा प्रविष्टि तथ्याङ्कको आधारमा दिवा खाजा निकासा गरेकोमा प्रत्येक बिधालयसँग विद्यार्थीको दैनिक हाजिरी पुस्तका माग गरी निकासा वमोजिमको खर्च गणना गरी वढि निकासा भए नभएको यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>सामाजिक परीक्षणः</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विद्यालयको सामाजिक परीक्षण गर्ने सम्बन्धि निर्देशिका २०६५ मा सरोकारवालाहरुमा विद्यालय प्रतिको अपनत्वको बिकास गर्ने प्राप्त साधनस्रोतको मितब्ययी ढंङ्गले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिबिधिलाई पारदर्शी र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताका लागि विद्यालयको समग्र गतिबिधिको समिक्षात्मक लेखाजोखा गर्न सामाजिक परीक्षण समितिले गत आ.ब.को सामाजिक परीक्षण सम्पन्न गरी तयार पारिएको विद्यालयको प्रतिबेदन सरोकारवालाहरुको भेला गराई प्राप्त सुझाब र छलफलको निश्कर्षलाई समेत आफ्नो प्रतिबेदनमा समाबेश गरी भाद्र मसान्तभित्र विद्यालय श्रोत केन्द्रमा पेश गर्नुपर्ने ब्यबस्था छ । पालिकाले विद्यालयहरुको सामाजिक परीक्षण प्रतिवेदन उपर आवश्यक लेखाजोखा गरेको देखिएन । कार्यविधि वमोजिम सामाजिक परीक्षण प्रतिवेदनको समिक्षात्मक लेखाजोखा गरी सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गरिनु पर्दछ ।	
७३			**सामाजिक सुरक्षा तर्फः**	
७४			आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७८।७९ मा ६ वडाहरुमा बैक मार्फत रू ५५९०११११९ वितरण गरेको देखिन्छ ।	
७५			**एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदा र वडा कार्यालयमा रहेका मूल लाभग्राहीको किताब अद्यावधिक नहूदाँ एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।	
७६			**पारदर्शिता र जवाफदेहिताः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।	
७७			**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको पाइयो।	
७८			**निरीक्षण तथा अनुगमन :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७९			**निस्कृय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहिको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहिको सम्बन्धमा स्थानीय तहले छानविन गरी कुनै लाभग्राहिको मृत्यू भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने ब्यबस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण माग गरेकोमा उपलब्ध हुन सकेन।	
८०			**व्यावसाय कर :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यावसाय गर्ने व्याक्तिहरुवाट व्यावसाय कर उठाउनु पर्ने व्यावस्था रहेको छ। पालिकाको क्षेत्र भित्र रहेको व्यावसायिहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पुर्ण व्यावसायीको अध्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्ने देखिन्छ ।	
८१			**अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।	
८२			**कर दस्तुर एवं आन्तरिक आय**	
८३			**कर तथा शुल्क असुली :**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ। (आय शीर्षक / अनुमान / असुली / असुली प्रतिशत) एकीकृत सम्पत्ति कर र घरजग्गा कर / ४५०००० / ३३६४७५.३२ / ७४.७५ घरजग्गा वहाल कर / ५०००० / ६७७९७ / १३५ व्यवसाय कर / २००००० / १४४२५० / ७२ अन्य विविध / ० / ० / ० पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।	
८४			**रसिद नियन्त्रण खाताः** पालिकाले रसिद नियन्त्रण खाता पेश नगरेकोले तोकिएको ढाँचा नगदि रसिद नियन्त्रण खाता म.ले.प.फा.नं ९०४ साविक १०८ अनुसार तयार गरे नगरेको एकिन हुन सकिएन। गत वर्षको मौज्दात ठेली संख्या, यो वर्ष छपाएको ठेली संख्या र बाँकी रहेको मौज्दात रसिद ठेलीहरुको लेखापरीक्षणको क्रममा उपलब्ध भएन। आम्दानी, खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित बनाई राख्नुपर्दछ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	४५००००	३३६४७५.३२	७४.७५
घरजग्गा वहाल कर	५००००	६७७९७	१३५
व्यवसाय कर	२०००००	१४४२५०	७२
अन्य विविध	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**मालपोत तथा नगदी रसिद :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिकाको राजश्व आम्दानी रसिद देहायका कर्मचारीहरुले बुझि लगेको देखिन्छ तर उक्त ठेलीबाट के कति आम्दानी भएको हो र सोबापतको रकम राजश्व दाखिला भएको नदेखिएकोले सम्बन्धितबाट पेश गर्न लगाई राजश्व दाखिला गर्नुपर्दछ ।	

वडा नं	मालपोत	सम्पति कर	नगदी	कैफियत
१	१-५०, ५१-१००, २५०१-२७५०	१-१००		रन्जिता कार्की
२			४५१-५००	दिपक सुवेदी
			५०१-५५०	
			६०१-६५०	
४	१६०१-१८००		२९०१-२९५०	कल्पना अधिकारी
६	११५१-१४००		१५१-२००	रवि सुवेदी
मिलिजुली समुहका लागि वडा नं १,२ र ३			९५१-१०००	रोशिका राई
			१४५१-१५००	
			१५०१-१५५०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			**बिज्ञापन करः** प्रदेश आर्थिक ऐन, २०७७ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गरिने उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन।	
८७			**मनोरञ्जन करः** प्रदेश आर्थिक ऐन २०७७ को दफा ४ मा अनुसुची २ बमोजिमको मनोरन्जन कर पालिकाले असुल गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन । पालीकाले आफ्नो क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ।	
८८			**सामुदायिक बनबाट आयः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को बुदा ६२ ख (१) मा सामुदायिक बन उपभोक्ता समितिले बन पैदाबार बिक्री बापत, प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ब्यबस्था छ । पालिकाले सामुदायिक वन उपभोक्ता समितिको विवरण लिई वन पैदावारबाट विक्री रकमको १० प्रतिशतले हुने रकम असुल गरेको देखिएन । ऐनको सो व्यवस्था अनुसार सामुदायिक वन उपभोक्ता समितिको विवरण लिई वन पैदावार विक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत असुली गरिनुपर्दछ ।	
८९			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, लगायतका पूर्वाधार निर्माण कार्य सञ्चालन गरी यस वर्ष १९९ जनालाई रोजगारी उपलव्ध गराई ज्यालामा रु. ५७७ समेत कुल खर्च रु.९६९०७८६ खर्च गरेको छ । लक्षित वर्गलाई ६५ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>कोभिड–१९ तर्फः</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>आ.व. २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><td>आम्दfनी स्रोत</td><td>रकम रु</td><td>खर्च शिर्षक</td><td>रकम रु</td></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>३५२२२७८</td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td></td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जनशक्ति व्यवस्थापन</td><td></td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>१९४९७१८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>बाँकी</td><td>१५७२५६०</td></tr><tr><td>जम्मा</td><td>३५२२२७८</td><td></td><td>३५२२२७८</td></tr></table></td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार यस पालिकाको अति विपन्न तथा गरिब परिवारलाई प्रति परिवार रू १०००० का दरले ३२५ परिवारलाई रू ३२५०००० नगद अनुदान उपलब्ध गराएकोमा अति विपन्न तथा गरिब छनौटका आधार तथा मापदण्ड पेश हुन नसकेकोले आधार तथा मापदण्ड पेश हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण :</td><td></td></tr>
<tr><td>९३.१</td><td></td><td></td><td>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा उक्त लेखापरीक्षण प्रतिवेदनमा कायम व्यहोराको फस्यौंट भएको छैन । पालिकाले अन्तिम लेखापरीक्षण गर्नु भन्दा पहिले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा कायम व्यहोराको फस्यौंट गर्नुपर्दछ । आन्तरीक लेखापरीक्षणको क्रममा देखिएका व्यहोराहरु देहायानुसार रहेका छन्:</td><td></td></tr>
<tr><td>९३.२</td><td></td><td></td><td>वितरणमुखि कार्यक्रम : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ को ३ मा आर्थिक विकस तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय बासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने कम लागतमा सम्पन्न गर्न सकिने, स्थानिय स्रोत साधन तथा सीपको प्रयोग हुने, महिला, बालबालिका, पिछाडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, बातावरण संरक्षण तथा संबर्दन गर्न सघाउ पुर्याउने भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस आ.ब मा देहायबमोजिमका</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुत्पादक क्षेत्रमा खर्च गरेको देखिन्छ । पालिकाले ऐनले तोकेको भन्दा बाहिर गई योजना निर्माण गरि खर्च गरेको हुँदा आगमी आ.ब मा त्यस प्रकारका योजना छनौटमा ध्यान दिनु पर्ने देखिन्छ।
<table><tr><th>क.स</th><th>भौचर नं मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr><tr><td>१</td><td>३६- २०७८/०८/१२</td><td>मिरा राई फाउन्डेशन खेल कुद सामग्री वितरण</td><td>१५००००</td></tr><tr><td>२</td><td>५१- २०७८/८/२९</td><td>वडा नं ४ को वडा स्तरिय खेलकुद संचालन</td><td>१०००००</td></tr><tr><td>३</td><td>६१- २०७८/०९/०१</td><td>वडा ३ महिला पुरुष फुटवल च्याङग्रे खेलकुद विकास समितिलाई भुक्तानी</td><td>२५००००</td></tr><tr><td>४</td><td>७८- २०७८/०९/ २२</td><td>वडा नं १ वडा स्तरिय खेलकुद</td><td>१०२०००</td></tr><tr><td>५</td><td>१६०-२०७८।०१२।२९</td><td>खेलकुद कार्याक्रम ११ वटा टोललाई</td><td>२७५०००</td></tr><tr><td colspan="3">कुल जम्मा</td><td>८७७०००</td></tr></table></td><td></td></tr>
<tr><td>९३.३</td><td></td><td></td><td>सक्कल कर विजक पेश गर्नु पर्नेः पालिकाले तपसिल बमोजिमको सप्लायर्सहरुलाई विभिन्न मितिमा भुक्तानी दिदा सक्कल कर विजक पेश नगरी प्रिन्टेट कर विजक जारी गरि भुक्तानी गरेको हुँदा सक्कल विल सहितको कारोबार भएको सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने ।
<table><tr><th>मिति/ गो .भौ. नं</th><th>कार्यक्रम</th><th>सप्लायर्स</th><th>रकम</th><th>कैफियत</th></tr><tr><td>२०७९।३।२१।२४७</td><td>सवारी साधन मर्मत</td><td>श्री देव अटो ट्रेडर्स</td><td>५३०८५</td><td>फोटोकपि विल पेश</td></tr></table></td><td>५४२,७९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७९।३।२५।१७० संघिय ससर्च चालु</td><td>सुचना प्रकाशन</td><td>विराट न्यु नेटवर्क प्रा.लि</td><td>२००००</td><td>फोटोकपी विल पेश</td></tr>
<tr><td>२०७९।३।२४।५२अ पाङगता रोकथाम तथा पुनस्थापना</td><td>फिजियोथेरापी स्थापना</td><td>सामसुनेशा ट्रेडर्स</td><td>१४९९८०</td><td>फोटोकपी विल पेश</td></tr>
<tr><td>२०७९।३।२५।२४१</td><td>मल्चिङ प्लाष्टिक खरिद</td><td>सर्वोत्तम ट्रेडर्स</td><td>३१९७२५</td><td>फोटोकपी विल पेश</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>५४२७९०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३.४</td><td></td><td></td><td>
नन फाइलर सप्लायर्स लाई भुक्तानीः मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा कारदताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वय निर्धारण गरि सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरि वा विद्युतिय माध्यमबाट तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्नेछ । आन्तरिक राजश्व कार्यालयको वेभसाइट PAN Search गर्दा ननफाइलर रहेको हुँदा निम्नानुसारका सप्लायर्सले आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पत्र पेश गर्नु पर्ने रु
<table>
<tr><td>मिति/ गोश्वरा भौचर नं</td><td>खर्च शिर्षक</td><td>सप्लायर्स</td><td>रकम</td><td>कैफीयत</td></tr>
<tr><td>२०७८।१२।८। १५३
गाउँपालिका चालु</td><td>मसलन्द समाग्री खरिद</td><td>श्री आदीबारा प्रिन्टिङ प्रेश भोजपुर</td><td>२०४८१२</td><td>ननफाइलर</td></tr>
<tr><td>२०७९।०३।२५।२९२
गाउँपालिका चालु</td><td>मसलन्द समाग्री खरिद</td><td>श्री साल्पा पोखरी सप्लायर्स भोजपुर</td><td>९९१०१</td><td>ननफाइलर</td></tr>
</table>
</td><td>४५८,७२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८।१२।८।५९</td><td>मसलन्द कार्यलय सामाग्री</td><td>श्री आदीबारा प्रिन्टीङ प्रेश भोजपुर</td><td>१५४८१०</td><td>ननफाइलर</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>४५८७२३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३.५</td><td></td><td></td><td>खर्च शिर्षक परिवर्तन गरि भुक्तानी : पालिकाले देहाय बमोजिकको खरिद कार्यमा भुक्तानी दिदा बजेट शिर्षक भन्दा फरक शिर्षक बाट भुक्ती दिएको कुनै आधिकारिक निर्णय समाबेश नभएकोले नियम संगत मान्न नसकिएको ।
<table>
<tr><td>मिति/गोश्वरा भौचर नं</td><td>खरिद गरिएको शिर्षक शिर्षक</td><td>खर्च शिर्षक परिवर्त गरि भुक्तानी</td><td>रकम</td></tr>
<tr><td>२०७८।११।०३/११३</td><td>कार्यालय फर्निचर</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>२४५५०१</td></tr>
<tr><td>२०७८।१२।२८/१५९</td><td>मिरा राई ट्रेल रेस प्रतियोगिता /जातिय छुवाछुत विरुद्ध गैर दलित सहितको तालिम</td><td>विविध कार्यक्रम गाउँपालिकाको निर्णय बमोजिम</td><td>२०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४४५५०१</td></tr>
</table>
</td><td>४४५,५०१</td></tr>
<tr><td>९३.६</td><td></td><td></td><td>तलवि प्रतिबेदन पास नगरि निकासा : स्थानिय तहका कर्मचारी र संघबाट काजमा स्थानिय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट तलवि प्रतिबेदन पारित गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले संघिय शसर्त चालु तर्फ स्थानिय तहका स्वास्थ्य चौकी, प्रा. स्वा. के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब प्रतिबेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित नगरि तथा करार सेवा तर्फको हकमा स्वय कार्यालय बाट तलब भत्ता पास नगरी रु १,५०,८३,४०५ रकम निकासा गरिएको हुँदा समयमै तलबी प्रतिबेदन पास गर्नको लागि सम्बन्धित पालिकाको ध्यान जानु जरुरी छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९३.७			**उपभोक्ता समितिको कार्यमा ठेकेदार वा निर्मण ब्यवसायी प्रबेश :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ को ३ मा आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय बासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने कम लागतमा सम्पन्न गर्न सकिने, स्थानिय स्रोत साधन तथा सीपको प्रयोग हुने, महिला, बालबालिका, पिछाडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, बातावरण संरक्षण तथा संबर्दन गर्न सघाउ पुर्याउने भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ । ब्यवस्था रहेको छ । सोही ऐनको उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्ट्रीव्युटर विटुमिन ब्वाइलर जस्ता हेभि मेसिन प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सीफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिनेछ। उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्मपन्न गर्नु पर्नेछ र कुनै निर्माण ब्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणबस सो समिति वा समुदाय आफैले समयमा सो काम सम्मपन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सर्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरि सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्नेछ ।सो नियमावलीको नियम (१३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संगल्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाषलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्ने र निर्माण ब्यवसायीलाई कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।पालिकाले सडक तथा गोरेटो बाटो निर्माणमा मात्र मेसिन प्रयोग गरि उपभोक्ता समिति मार्फत **निर्माण ब्यावसायीहरुको कर विजक पेश भई हेभि मेसिन प्रयोग गरि रु**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१,४४,५९,९९१।— भुक्तानी गरेको देखिन्छ । पालिकाले योजना छनौट गर्दा पालिका भित्रको जनातको जिबनमा प्रत्यक्ष योगगदान पुर्याउने, परिमाण मुखि, प्रत्यक्ष रोजगारी सृजना, आय बृद्धि आर्थिक प्राविधिक बातावरणिय हिसावले उपयुक्त, जिवनस्तर उकास्ने खालका तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस आ.ब को उपभोक्ता समितिबाट संचालित उदाहरणको रुपमा तपसिल बमोजिमका उपभोक्ता समिति गठन गरि सम्झौता भएका आयोजनाहरुमा निर्माण ब्यवसायीहरु संलग्न गराई योजनाको काम गरेको तथा सम्बन्धित सार्वजनिक निकायको प्राविधिकको सिफारिस तथा सहमति विना हेभि मेशिन प्रयोग गरि योजना सम्पन्न गरेको हुँदा त्यस प्रकारका योजनहरु संचलानमा पालिकाको ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । त्यस प्रकारका आयोजनाहरुको उदाहरुणहरु देहायनुसार रहेको पाइयो ।	

गोश्वर भौ नं र मिति	सडकको नाम	निर्माण ब्यवसायी	भुक्तानी रकम
१९।२०७८।८।२८	चाम्ताङदेखि धोक्रे खोला र चाम्ताङ हुदै मानेडाँडा मुखियाटोल फचेवुसम्म सडक स्तरोन्नती तथा सर्भे	बास्तिम निर्माण सेवा प्रा.लि	६५००००
२२।२०७८।९।११	खड्का डाँडा हुदै चुकी डाँडा जिउधने बर सडक निर्माण	बास्तिम निर्माण सेवा प्रा.लि	२०००००
२३।२०७८।९।११	कोलाचौर देखि खोलीटार सम्मको सडक निर्माण	भिमेश्वर निर्माण सेवा	६०००००
३५।२०७८।९।२६	पन्चकन्य कृषि सडक वास्तिम देखि साविक ८-५ हुदै अखुवा खोला पारपानी जोड्ने मोटर बाटो	भिमेश्वर निर्माण सेवा	७०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३७।२०७८।९।२६	दलित बस्ती सडक निर्माण टोल नं ३	वास्तिम निर्माण सेवा	३०००००
४१।२०७८।९।२७	ठोट्ने माचुङ सडक निर्माण	बस्नेत कन्सट्रक्सन एण्ड सप्लायर्स	३०००००
४०।२०७८।९।२६	सिरसिरे देखि बरबोटे खोला सम्म सडक सर्भे निर्माण तथा मर्मत	भिमेश्वर निर्माण सेवा	२५००००
३९।२०७८।९।२६	अखौंले कृषि सडक सम्पन्नता तथा मर्मत	बास्तिम निर्माण सेवा	३०००००
३८।२०७८।९।२६	कोलबोटे सडक निर्माण	मुक्कुलुंग कन्स्ट्रक्सन सप्लायर्स प्रा लि	२०००००
६८।२०७८।१०।२७	पाटीडाँडा देखि गैरीखोला सडक स्तरोन्नती	बास्तिम निर्माण सेवा	४०००००
६३।२०७८।१०।२५	गैरी गाउँ कृषि सडक सम्पन्नता	वास्तिम निर्माण सेवा	२७२१६२
७०।२०७८।११।०१	पौरख रातमाटे सडक निर्माण	मुक्कुमलुग कन्स्ट्रक्सन एण्ड सप्लायर्स	३०००००
७४।२०७८।११।०२	शिकारीटोल कृषि सडक निर्माण	बस्नेत कन्स्ट्रक्सन	५०००००
७५।२०७८।११।०२	माकीडाँडा भवनदेखि मिनकुमार श्रेष्ठको घर सम्मको कृषि सडक सर्भे निर्माण टोल नं ५	मुक्कुमलुंग कन्स्ट्रक्सन एण्ड सप्लायर्स	१७५०००
८२।२०७८।११।०३	छोकीमाला सडक स्तरोन्नती	मुक्कुमलुंग कन्स्ट्रक्सन सप्लायर्स	२०००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८६।२०७८।११।२६</td><td>खलेचौक देखि लाकुरे जोड्ने कृषि सडक निर्माण</td><td>बास्तिम निर्माण सेवा</td><td>६७५०००</td></tr>
<tr><td>९२।२०७८।११।२९</td><td>आइतबारे सडक निर्माण</td><td>मुक्कुमलुंग कन्स्ट्रक्सन सप्लायर्स</td><td>१३७५००</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>६१५९६६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३.८</td><td></td><td></td><td>
जटिल प्रकृतिका संरचना निर्माणउपभोक्ता समिती बाट सम्पन्न- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेसिन,औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनु पर्ने ब्यवस्था रहेको छ । गाउँपालिकाले आर सी सी फ्रेम स्ट्रक्चर सहितका भवन ,पुल कल्भर्ट ओभरहेड टंकी निर्माण ग्रामिण विद्युतिकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पुर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरुबाट संचालन गरेको देखिन्छ जसबाट गुणस्तरियता, मितब्यायिता कायम हुन नसकेको । यस्ता निर्माण कार्यहरु ब्यावसायिक र अनुभवी निर्माण ब्यवसायी तथा फर्महरुबाट वोलपत्र मार्फत प्रतिस्प्रर्धा बाट गर्न उपयुक्त देखिन्छ । यसका उदाहरणहरु देहाय बमोजिम रहेका छन ।
<table>
<tr><th>ब उ शि नं</th><th>गो भौ नं मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>योजना</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>गाउँपालिका पुँजिगत</td><td>१८१।२०७९।२।१९</td><td>मुडुला कार्की कुल पुँजा मन्दिर भवन निर्माण उ स</td><td>मुडुला कार्की मन्दिर भवन निर्माण टोल नं ७</td><td>२२०००००</td></tr>
<tr><td>गाउँपालिका पुँजिगत</td><td>२४४।२०७९।३।२५</td><td>श्यामसिला खानेपानी ब्यावस्थापन उ स</td><td>श्यामसिला खानेपानी ब्यवस्थापन</td><td>१३५००००</td></tr>
<tr><td>गाउँपालिका पुँजिगत</td><td>१७९।२०७९।२।३१</td><td>श्यामसिला स्वास्थ्य चौकी भवन निर्माण उ स</td><td>श्यामसिला स्वास्थ्य चौकी भवन सम्पन्न</td><td>६०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गाउँपालिका पुँजिगत</td><td>२३२।२०७९।३।२४</td><td>वडा कार्यालय भवन निर्माण उ स</td><td>वडा कार्यालय भवन क्रमागत निर्माण उ स</td><td>९४००००</td></tr>
<tr><td>संघिय ससर्त पुँजिगत</td><td>६३।२०७९।३।२५</td><td>महादेवी आधरभुत विद्यालय</td><td>विद्यालय कक्षा कोठा निर्माण अनुदान २ कोठे ४ कोठे भवन अनुदान</td><td>१२०००००</td></tr>
<tr><td>संघिय ससर्त पुँजिगत</td><td>६५।२०७९।३।२५</td><td>सुर्योदय माध्यामिक विद्यालय</td><td>विद्यालय कक्षा कोठा निर्माण अनुदान २ कोठे ४ कोठे भवन अनुदान</td><td>३६००००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९८९००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>
पेश्की बाँकी :

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्यौंट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट निम्न बमोजिम पेश्की विवरण प्राप्त भएको म्याद नाघेको पेश्की फछ्यौंट गर्नुपर्ने रु.
<table>
<tr><td rowspan="2">भौ.नं./मिति</td><td rowspan="2">पेश्की लिने व्यक्ति/सस्था</td><td colspan="2">पेस्की रकम</td></tr>
<tr><td>म्याद नाघेको</td><td>म्याद ननाघेको</td></tr>
<tr><td colspan="4">ठेकेदार</td></tr>
</table>
</td><td>१,९५८,२२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४ ।२०७८।९।२७</td><td>कालिका । देविस्थान जे भी</td><td></td><td>१९८४८००</td></tr>
<tr><td>५९ । २०७९।३।२४</td><td>वाई पी आर कास्यप जेभी</td><td>१९५८२२०</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९५८२२०</td><td>१९८४८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>धरौटी तर्फ :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म।ले।प।फा नं। ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म।ले।प।फा नं। ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुन बमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>योजना छनौट :</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले अधिकांश सडक निर्माण कार्य अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर नै छनौट तथा कार्यान्वयन गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदनको आधारमा मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।	
९७			**यातायात गुरुयोजना :** स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आफैले निर्माण गरेका र अन्य निकायले निर्माण गरेका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) सहितको यातायात गुरुयोजना तयार गरी सडक निर्माण गर्दा सोही गुरुयोजनालाई आधार मानी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यातायात गुरु योजना तयार गरेको देखिएन । गुरु योजना विना नै विगत वर्षदेखि पालिकाले विभिन्न सडकहरुको स्तरोन्नती, मर्मत, ट्र्याक ओपेनिङ लगायतका काम गर्दै आएको छ । पूँजिगत खर्चको ठूलो हिस्सा यसैमा खर्च भई रहेको छ । तर यातायात गुरु योजना तयार नगरेको कारण पालिका भित्रका सडक सञ्जालमा प्रत्येक वर्ष भएका खर्चको औचित्यता बारेमा विश्लेषण गर्न सकिएन । सडक निर्माणको कार्यलाई दिगो, प्रभावकारी र बजेट औचित्यपूर्ण प्रयोगको लागि अनिवार्य रुपमा यातायात गुरु योजना तयार गर्नुपर्ने देखिन्छ ।	
९८			**अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ ।	
९९			**वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१००			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्री अभिलेख राख्नु पर्दछ ।	
१०१			**जिन्सी व्यवस्थापन र लगत अद्यावधिक :** कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो ।अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>बेरुजू तथा सम्परीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ को १ मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छ्योट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ । पालिकाको गत विगत वर्षको बेरुजू रु.२६६३४ (हजारमा) रहेकोमा निम्नानुसार रु.६७५९ (हजारमा) फछ्यौंट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ। बाँकी बेरुजू फछ्यौंट गर्न पालिकाको ध्यान जानु पर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th>सम्परीक्षण भएको रकम</th></tr>
<tr><td>१.</td><td>२०७६।७७</td><td>२२</td><td>बेरुजू दाखिला भएको प्रमाण पेश भएको</td><td>३८२५०</td></tr>
<tr><td>२.</td><td>२०७६।७७</td><td>२७</td><td>कर चुक्ता दाखिलाको प्रमाण पेश भएको</td><td>६६६१४३२</td></tr>
<tr><td>३.</td><td>२०७६।७७</td><td>४६</td><td>बेरुजू दाखिला भएको प्रमाण पेश भएको</td><td>५९२२८</td></tr>
<tr><td colspan="4" align="right">जम्मा</td><td>६७५८९१०</td></tr>
</table></td><td></td></tr>
</table>